# मंगला गाउँपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण/निवारण सम्बन्धी स्थानीय आचार संहिता, २०८०

(स्वीकृत मितिः २०८०/०३/०६)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण/निवारण सम्बन्धी स्थानीय आचार संहिता, २०८०

**प्रस्तावना**

यस मंगला गाउँपालिका कुनैपनि कार्यालय, संघ, संस्थामा हुने कर्मचारी र सेवाग्राहीहरूले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार नियन्त्रण /निवारण गरी सुशासित वातावरणमा कार्यसम्पादन गर्न आवश्यक देखिएकाले 'कार्यस्थलमा हुने यौनजन्य दुर्वयवहार (निवारण) ऐन,' २०७१ र २०७४ कार्तिकमा भएको संशोधन सहितको दफा २१ ले दिएको अधिकार प्रयोग गरी र महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय २०७४ मा पारित गरको कार्यस्थलमा हुने यौनजन्य दुव्यर्वहार निवारण आचार संहिताको आधारमा यो आचारसंहिता तयार गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यो आचार संहिताको नाम कार्यस्थलमा हुने **यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८०** रहेको छ।

(२) यो आचार संहिता मंगला गाउँपालिको राजपत्रमा प्रकाशन भएपछि लागू हुने छ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा

(१) **कर्मचारी** भन्नाले कार्यस्थलमा कार्यरत कर्मचारी सम्झनु पर्दछ।

(२) **कार्यस्थल** भन्नाले मंगला गाउँपालिका तथा पालिका अन्तर्गका सम्पुर्ण कार्यालयहरु, शैक्षिक संस्थाहरु, वित्तिय एवं निजि संघ संस्थालाई सम्झनु पर्दछ।

(३) **यौनजन्य दुर्व्यवहार** भन्नाले कसैले आफ्नो पद शक्ति वा अधिकारको दुरुपयोग गरि कुनै किसिमको दवाब, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्रहीलाई कार्यस्थलमा देहायको कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्वयवहार गरेको सम्झनु पर्दछ।

१. यौनजन्य आशयले शरिरको कुनै अङ्ग छोएमा वा छुने प्रयास गरेमा

२. अश्लिल तथा यौनजन्य क्रियाकलापसँग सम्बन्धित शब्द चित्र पत्रपत्रिका श्रव्यदृश्य सूचना प्रविधि साधन वस्तु वा सामाग्री प्रयोग वा प्रदर्शन गरेमा

३. लेखेर बोलेर वा ईशाराले अश्लिल तथा यौनजन्य आशय प्रदर्शन वा शारीरिक हाउभाउ मार्फत यौनजन्य आशाय प्रकट गरेमा

४. यौनजन्य क्रियाकलापको लागि प्रशताव गरेमा

५. यौनजन्य आशयले जिस्काएमा वा हैरानी दिएमा

(४) **सेवाग्राही** भन्नाले कुनै किसिमको सेवा प्राप्त गर्ने उद्धेश्यले कार्यस्थलमा उपस्थित व्यक्ति सम्झनुपर्छ र सो शब्दले निजको साथमा कार्यस्थलमा आउने व्यक्ति समेतलाई जनाउँदछ ।

३. पालना गर्नु पर्ने नियमहरू :-

(१) यौन दुर्व्यवहारविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने ।

(२) कुनैपनि महिला, बालबालिका अपाङ्गता भएका व्यक्ति उपर लैङ्गिक हिंसा गर्न नहुने ।

(३) सबै तह र पदीय मर्यादाका जनप्रतिनिधि, कर्मचारी, सेवाग्राहीले एक अर्काप्रति सम्मानित व्यवहार गर्नुपर्ने ।

(४) सेवा प्रवाह वा सेवा ग्रहण गर्दा शिष्ट सभ्य भाषाको प्रयोगसहित भौतिक दुरी कायम गर्नुपर्ने ।

(५) कसैलाई पनि धाक धम्की वा प्रलोभन देखाएर यौनजन्य दुर्व्यवहार गर्न नहुने ।

(६) कार्यस्थलमा हुनसक्ने यौनजन्य दुर्व्यवहारको बारेमा तत्काल कार्यालयले तोकेको सम्पर्क व्यक्तिसँग उजुरी गर्ने ।

(७) कसैले आफ्नो पद, शक्ति वा अधिकारको दुरूपयोग गरी, कुनै किसिमको दवाव, प्रभाव वा प्रलोभनमा पारी वा हतोत्साहित गरी कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा देहाएका कुनै कार्य गरे वा गराएमा यौनजन्य दुर्व्यवहार गर्न नहुने

(८) यौनजन्य आसयले शरीरको कुनै अंग छोएमा वा छुने प्रयास गर्न नहुने

(९) अश्लिल तथा यौनजन्य क्रियाकलासँग सम्बन्धित शब्द चित्र, पत्रपत्रिका, श्रब्य, दृष्य, अन्य सूचना प्रविधि, साधन, वस्तु वा सामग्री प्रयोग वा प्रर्दशन गर्न नहुने

(१०) लेखेर, बोलेर वा इसाराले अश्लिल तथा यौनजन्य आसय प्रदर्शन वा प्रकट गर्न नहुने

(११) यौनजन्य क्रियाकलापको लागि प्रस्ताव गर्न नहुने

(१२) यौनजन्य आशयले जिस्काउने वा हैरानी दिए नहुने

***के गर्ने***

(१३) यौन दुर्व्यवहार विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन गर्ने

(१४) कुनैपनि महिला, बालबालिका अपाङ्गता भएका व्यक्ति उपर लैङ्गिकमैत्रि व्यवहार गर्ने

(१५) सबै तह र पदीय मर्यादाका जनप्रतिनिधि, कर्मचारी, सेवाग्राहीले एक अर्काप्रति सम्मानित व्यवहार गर्नुपर्ने

(१६) सेवा प्रवाह वा सेवा ग्रहण गर्दा शिष्ट सभ्य भाषाको प्रयोग सहित भौतिक दुरी कायम गर्नुपर्ने

(१७) कसैलाई पनि धाक धम्की वा प्रलोभन देखाएर यौनजन्य दुर्व्यवहार गर्न नहुने ।

(१८) कार्यस्थलमा हुनसक्ने यौनजन्य दुर्व्यवहारको बारेमा तत्काल कार्यालयले तोकेको सम्पर्क व्यक्तिसँग उजुरी गर्ने

(१९) यौनजन्य दुर्व्यवहार विरुद्ध छुट्टै उजुरी पेटिकामा उजुरी राख्ने तथा तोकिएको समयमा उजुरीको सुनुवाई गर्ने

(२०) यौनजन्य दुर्व्यवहार विरुद्धका उजुरी सुनुवाईका लागि सम्पर्क व्यक्ति तोक्ने

(२१) कार्यस्थलमा घटने घटनाको प्रकृति हेरी गम्भीर किसिमका यौनजन्य दुर्व्यवहारका विषयमा तत्काल सुनुवाईको लागि कार्यालय प्रमुख समक्ष जानकारी गराउने

(२२) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारका बारेमा सरोकारवालाहरूलाई तालिम तथा अभिमुखीकरण प्रदान गर्ने

(२३) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारका बारेमा पालिकास्तरीय सुनुवाई समितिले नियमित अनुगमन गर्ने ।

(२४) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारका बारेमा पदाधिकारी, कर्मचारी तथा सेवाग्राहीलाई जानकारी गराउन कार्यालयहरूमा फ्लेक्स टाँस गर्ने

(२५) कार्यालयमा प्राप्त भएका उजुरी घटनाको प्रकृति हेरी एक हप्ताभित्र सुनुवाई गर्ने

(२६) अनुसन्धानकर्ता, घटना व्यवस्थापकहरू, मनोविमर्शकर्ता लगायतका दक्ष जनशक्तिको विकास र व्यवस्थापन

(२७) पीडित वा प्रभावित भएका व्यक्तिलाई न्याय दिलाउन कानूनी उपचार वा सहयोग (उदाहरण: कानूनी सहायता, क्षतिपूर्ति, पीडकलाई कानूनी कारवाही)

(२८) उजूरीकर्ताको सुरक्षा, संरक्षण र गोपनीयता, उजूरीकर्ता र कसूरदारलाई मनोपरामर्श

(२९) कसूरदारलाई अनुशासन सम्बन्धी कारवाही, आफ्नो कार्यालयबाट टुंग्याउन नमिल्ने घटनाहरू सम्बन्धित अधिकारवाला निकायमा प्रेषण

## ***के नगर्ने***

(३०) कर्मचारी/सेवाग्रहीले कार्यस्थलमा यौनजन्य दुर्व्यवहार हुने खालका अशिष्ट शब्द प्रयोग नगर्ने

(३१) कसैलाई पनि धाक, धम्की वा प्रलोभन देखाएर यौनजन्य दुर्व्यवहार नगर्ने

(३२) कसैले पनि आफ्नो विशेष कार्यबाहेक कार्यस्थलमा कार्यरत कर्मचारीसंग यौनजन्य आशयले कर्मचारीलाई असहज अनुभव हुने गतिविधि नगर्ने

(३३) अनिच्छित छुवाई नर्ने

(३४) यौन दृष्ट्रिले विचारोत्तेजक टिप्पणी गर्नु वा जोक नसुनाउने

(३५) यौनजन्य चित्र वा पोष्टर नदेखाउनु

(३६) अवाञ्च्छित किसिमले एकान्तमा घुम्न जाने प्रस्ताव नगर्नु

(३७) यौन कार्यका लागि प्रस्ताव नराख्नु

५. संस्थागत व्यवस्था

**१. कार्यस्थलमा हुनसक्ने यौनजन्य दुर्व्यवहारका बारेमा तत्काल सुनुवाई गर्न तपसिल अनुसारको सुनुवाई समिति रहने**

| | |
|---|---|
| उपाध्यक्ष | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| महिला बालबालिका तथा समाज कल्याण इकाई प्रमुख | - सदस्य सचिव |

**२. उजूरी पेटिकाको व्यवस्थाः** मंगला गाउँ पालिकामा हुनसक्ने योनजन्य दुर्व्यवहारको बारेमा उजुरी गर्न कार्यालयको मुख्य द्वार नजिक उजुरी पेटिका राख्ने ।

**३. हटलाइन, इमेलः** मंगला गाउँपालिका क्षेत्रभित्रका कुनैपनि कार्यस्थलमा हुन सक्ने यौनज्नय दुर्व्यवहारको बारेमा कार्यालयमा उजुरी गर्न सम्पर्क व्यक्तिको फोटो, इमेल ठेगाना सहितको फ्लेक्स टाँस गर्ने ।

**४. फोकल पर्सन** यस पालिकाक्षेत्रमा हुनसक्ने यौनजन्य दुर्व्यवहारको बारेमा तत्काल सम्पर्क गर्न महिला तथा बालबालिका तथा समाज कल्याण इकाई प्रमुखलाई सम्पर्क व्यक्ति तोक्ने ।

६. उजूरी सुनुवाई प्रक्रिया निर्धारण र घटना व्यवस्थापन

कार्यस्थलमा हुने उजुरी सुनुवाई गरी घटना व्यवस्थापन गर्न तपसिल अनुसारका प्रक्रिया अवलम्बन गर्ने

(१) कार्यालय प्रमुखले कुनै कर्मचारीले निजमाथि यौनजन्य दुर्व्यवहार गरेको भनी गुनासो गरेमा त्यस्तो गुनासो गर्ने वा त्यसरी यौनजन्य दुर्व्यवहार गरेको कर्मचारी वा सेवाग्राहीको मान प्रतिष्ठामा आघात नपुग्ने गरी गोपनीयता कायम गर्ने

(२) कार्यालयमा प्राप्त भएका उजुरी घटनाको प्रकृति हेरी एक हप्ताभित्र सुनुवाई गर्ने

(३) कार्यस्थलमा भएको यौनजन्य अपराधबाट पीडित भएको व्यक्तिलाई आवश्यक रहेमा कार्यालयले जनप्रतिनिधि, समाजसेवी वा स्थानीय प्रहरीको सहयोगमा सुरक्षाको प्रवन्ध गर्ने

(४) पीडकको कारणले पीडितलाई थप क्षति पुग्न नदिन पीडकमाथि निगरानी राखी छानविनको व्यवस्था मिलाउने

(५) मंगला गाउँपालिकाको यौनजन्य दुर्व्यवहार सम्बन्धी घटनाको गाम्भीर्यतालाई ध्यानमा राखी सामान्य प्रकृतिको दुर्व्यवहारमा सचेत गराउने, नसिहत दिने, परामर्श दिने लगायतका कार्य गरी सोभन्दा माथिल्लो कारबाहीका लागि प्रमुख जिल्ला अधिकारी समक्ष कारबाहीका लागि सिफारिस गर्ने ।

७. आचार संहिताको पालनाको सुनिश्चितताका लागि तपसिलका कार्यप्रक्रिया अवलम्बन गर्ने

(क) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारका बारेमा पदाधिकारी, कर्मचारी तथा सेवाग्राहीलाई जानकारी गराउन कार्यालयहरूमा फ्लेक्स टाँस गर्ने

(ख) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारका बारेमा सरोकारवालाहरूलाई तालिम तथा अभिमुखीकरण प्रदान गर्ने

(ग) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारको न्यूनीकरणका लागि जनप्रतिनिधि, कर्मचारी सबैले गाउँपालिकाबाट जारी गरिएको आचारसंहिता पूर्ण रूपमा कार्यान्वयनका लागि प्रतिवद्धता जनाउने ।

(घ) कार्यस्थलमा हुन सक्ने यौनजन्य दुर्व्यवहारका बारेमा गाउँपालिकास्तरीय सुनुवाई समितिले नियमित अनुगमन गर्ने ।

८. अभिलेख राख्ने ।